Canada

Centre for International Studies and Cooperation (CECI) Nepal

Sustainable Use of Technology for Public Sector Accountability in Nepal (SUSASAN)

# Thematic Guidebook
# सामाजिक जवाफदेहिता
# (Social Accountability)

## १. अवधारणाः

सामाजिक जवाफदेहिताले आफ्नो कानून प्रदत्त हक तथा अधिकार प्राप्त गर्न नसक्ने नागरिकहरुको लागि सरकारलाई सो प्रदान गर्न जवाफदेही र जिम्मेवार समेत बनाउन मद्दत पुऱ्याउने कार्य र त्यसका लागि आवश्यक संयन्त्र तयार पार्ने कुरालाई जनाउँदछ । नागरिक समक्ष प्रतिबद्धता व्यक्त गरेका काम प्रति कम उत्तरदायि भै दिंदा विशेषः राजनीतिक नेताहरुलाई आफ्नै व्यक्तिगत स्वार्थ शक्ति र सम्पतिमा बढी चाख भएको र नागरिकहरुका मुद्दालाई बेवास्ता गर्ने पात्रको रुपमा हेर्ने गरिएको छ ।



राज्यका प्रत्येक नागरिकलाई देशको संविधानले केही निश्चित अधिकारहरु प्रदान गरेको छ । देशको कानुनले आफ्ना मातहतका सरकारी मन्त्रालय, विभागहरु तथा कार्यालयहरु अन्तर्गत केही निश्चित कुराहरुमा नागरिकहरुलाई हक भोग गर्न सक्ने अधिकारहरु पनि प्रदान गरेको हुन्छ । तर हाम्रो जस्तो भर्खरै लोकतान्त्रिक अभ्यासतर्फ उन्मूख देशमा बिडम्वना के छ भने धेरै नागरिकलाई ती अधिकारहरु वा हकभोग गर्न पाउने कुराहरु के के हुन भन्ने नै थाहा छैन, परिणाम स्वरुप उनीहरु त्यसको दावी पनि गर्दैनन् ।

जब कुनै नागरिकलाई उसका अधिकार वा हकभोग गर्न पाउने कुराहरु के के हुन् भन्ने नै थाहा छैन भने उसलाई ती अधिकार वा हकभोग गर्न पाउने कुराहरु पर्याप्त छन् वा छैनन्, चाहिए अनुसारको हो कि होइन, अथवा तिनीहरुलाई विस्तार वा सुधार गर्नु पर्छ कि पर्दैन भन्ने कुराहरु नै थाहा हुदैन । एकातर्फ नागरिकहरुलाई आफूले दावी गर्न पाउने अधिकारबारे अनभिज्ञ रहने अवस्था छ भने अर्कातर्फ कतिपय अवस्थामा सरकारी अधिकारीहरुले नागरिकहरुलाई उनीहरुको अधिकार र हकभोग गर्न पाउने कुराहरुको बारेमा स्पष्ट जानकारी प्रवाह नगरिएको अवस्था पनि छ । यसको कारण नागरिकहरुले अधिकार तथा हकभोग गर्न पाउने कुराहरु दाबी गरे भने, यसले निजामती कर्मचारी, जो आफै त्यस्ता अधिकार तथा हकभोग गर्न पाउने कुराहरु लिएर बसेका छन्, उनीहरुको निम्ति समस्या उत्पन्न गर्न सक्छ भन्ने डर हो । सैद्धान्तिक रुपमा कुनै पनि नागरिक, चुनावको बेला आफूले रुचाएको उम्मेद्वार वा दल जसले उनीहरुका समसामयिक सवालहरुमा काम गर्ने बाचा गरेका हुन्छन् उसलाई भोट दिएर अधिकार तथा उत्तरदायित्वको क्षेत्रमा प्रवेश गराउँदछन् । यसरी नागरिकको आशाका केन्द्र ति निर्वाचित प्रतिनिधिहरु नै आफूले चुनावको वेलामा नागरिक समक्ष सामाजिक जवाफदेहिता, पारदर्शिता र सुशासनका विभिन्न वाचाहरु गरेका हुन्छन् । नागरिकहरु यस्ता विधि र औजारहरुको अपेक्षा राख्दछन् जसको माध्यमबाट :

क) उनीहरु आफुलाई चाहिएको सूचना प्राप्त गर्न सकून,

ख) उनीहरुले पहिला कहिल्यै नपाएको त्यस्ता सूचनाबाट आफ्नो अवस्थामा सकारात्मक परिवर्तन ल्याउन सकून र

ग) जहाँ उनीहरुको अधिकार वा हकभोग गर्न पाउने कुराहरु खोसिएको छ, त्यहाँ परिवर्तन ल्याउन सकून ।

## सामाजिक जवाफदेहिताका निम्न साधनहरू हुन सक्छन्:

१) सहभागितामुलक योजना तर्जुमा
२) सहभागितामुलक बजेट तर्जुमा
३) सहभागितामुलक बजेट पछ्याउने
४) सार्वजनिक खरिद अनुगमन
५) सहभागितामुलक कार्यसम्पादन अनुगमन

नागरिकद्वारा संचालित जवाफदेहिताका उपाय (सुशासनको माग पक्ष) हरुले जवाफदेहिताका निम्न परम्परागत संयन्त्र (सुशासनको आपुर्ति पक्ष) हरुलाई सहयोग तथा सुदृढ महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् :

- कर्मचारी तन्त्रमा सुधार
- निर्वाचन प्रणालीमा सुधार
- राजनैतिक सन्तुलन तथा नियन्त्रण
- लेखा तथा लेखा प्रणालीमा सुधार
- प्रशासनिक नियम
- ऐन कानूनको संसोधन र तर्जुमा
- न्याय प्रणालीमा सुधार



Source: www.google.com

तथापी सामाजिक जवाफदेहिता सरकार भित्रका सवै समस्याको समाधान गर्ने रामवाण वा सर्वरोग नाशक भने होईन । यसले निम्नकुराहरुको खुलासा गर्ने काम गर्दछ :

- सामाजिक जवाफदेहिताले प्रत्यक्ष रुपमा गुणस्तरिय सार्वजनिक सेवा प्रवाह गरी अप्रत्यक्ष रुपमा दक्षतालाई सम्वन्धित गर्छ ।
- सार्वजनिक सेवा प्रवाह प्रणाली तथा शासकिय स्वरुपमा एकीकरण आवश्यक छ ।
- सेवा प्रदायक तथा सरकार नागरिक प्रति खुल्ला पारदर्शी तथा इमान्दार होस् भन्ने आम नागरिकहरु चाहन्छन् ।
- सेवा प्रदायक तथा राज्यलाई खुल्ला, पारदर्शी तथा इमान्दार बनाउने उपायहरु नागरिकहरु सिक्न चाहन्छन् ।
- नागरिकहरुले पनि सत्य पत्ता लगाउन सक्छन् भन्ने यर्थाथ राज्य अन्य सेवा प्रदायकले सिकुन भन्ने नागरिकको चाहना हुन्छ
- राज्य वा सेवा प्रदायकले के के गर्न सके वा के के सकेनन् नागरिकलाई जानकारी प्राप्त गर्ने चाहना हुन्छ ।




Source: www.google.com

### नागरिकहरुका हक तथा अधिकारहरु र उनीहरुको भूमिका :

- संविधान प्रदत्त विभिन्न मौलिक हकहरु
- त्यस्तै ऐन नियममा व्यवस्था गरिएका विभिन्न अधिकारहरु
- मन्त्रालयको निर्देशन, कार्यविधिहरुद्वारा प्रदत हक तथा अधिकार
- अधिकांशलाई हक र अधिकारका विषयमा ज्ञान नहुन सक्छ परिणाम ती हक अधिकार माग गर्दैनन्
- जानकारी भएको अवस्थामा पनि त्यसको सिमा, त्यसमा थप गर्न सकिने वा नसकिने

### हक र अधिकारहरुको जानकारी नदिनु :

- जिम्मेवार अधिकारी वा निकायले नागरिकको हक अधिकार सम्बन्धी जानकारी नदिई सूचना लुकाउने आफ्नो कार्य बोझ कम गर्न सजिलो पार्न
- जनताका हक अधिकार प्रदान नगरी आफ्नो व्यक्तिगत वा राजनैतिक दल वा आफू कार्यरत संस्थाको वा आफ्नो स्वार्थमा काम गर्ने ।

### नागरिकको कर्तव्य वा भूमिका:

- उनीहरुको विविध विषयमा सूचना पाउने हक छ तर उनीहरुले पाएका छैनन् भन्ने देखाउने
- उनीहरुको अनुभव ज्ञान, आवश्यकता बमोजिम सेवा प्रवाहमा सुधार गरिनु पर्ने भन्ने व्यक्त गर्नु पर्ने
- उनीहरुको लागि प्रदान गरिएको स्रोतहरु अन्यथा प्रदान गरिएको वा दुरुपयोग भएको आवश्यकता सोको सुधार हुनु पर्ने माग गर्नु पर्ने ।



## २. सामाजिक जवाफदेहिताको फाइदा :

- नागरिकलाई निजको हक अधिकार सम्वन्धि सूचना प्रदान गर्न ।
- हक अधिकारका सम्वन्धमा ज्ञान भएपछि त्यसमा थप सुधार ।
- नागरिकका हक अधिकारहरु हरण गर्ने वा गर्न सक्ने भ्रष्ट अभ्यासहरु **(Corrupt Practices)** हरुको पर्दाफास गरि रोकथाम तथा नियन्त्रण ।

## ३. सामाजिक जवाफदेहिताको क्षेत्रमा हुने गरेका अभ्यासहरु:

### (क) सहभागितामूलक बजेट निर्माण (Participatory Budgeting):

यो एक यस्तो संयन्त्र वा प्रक्रिया हो, जसद्वारा नागरिकहरुले बजेट निर्माणका विभिन्न चरणहरु, निर्णय देखि बजेट कार्यान्वयनको अनुगमन आदि कार्यमा प्रत्यक्ष रुपमा भाग लिन्छन्, त्यसलाई सहभागितामूलक बजेट निर्माण भनेर वृहत रुपमा परिभाषित गर्न सकिन्छ । यो सार्वजनिक खर्चको पारदर्शीता बढाउन र बजेटले लक्षित गरेका पक्षहरुमा सुधार ल्याउन महत्वपूर्ण हुन्छ । नागरिक संलग्नता र सामाजिक सिकाइ प्रवर्द्धन गर्न यो उपयोगी हुने भएकोले सहभागितामूलक बजेट निर्माणलाई एक प्रभावकारी "नागरिक विद्यालय" को रुपमा पनि लिइन्छ ।

सहभागितामूलक बजेट निर्माण कार्य खासगरी निम्न एक वा सो भन्दा बढी मुद्दाहरुमा केन्द्रित हुन्छ :

- सूचना आदान प्रदान र बजेटको बारेमा सार्वजनिक बुझाइको अवस्थामा सुधार ल्याउनु ।
- गरिबहरुको पक्षमा छुट्याइएको बजेटलाई बढाउनु ।
- महिला र बालबालिकाहरु सहितको जोखिममा परेका समूहहरुको लागि लक्षित कोषमा सुधार ल्याउनु ।
- बजेट बाँडफाँटको क्षेत्रगत प्रभावहरुको बारेमा बहसको शुरुवात गर्नु ।
- आम्दानी/कर नीतिमाथि प्रभाव पार्नु ।
- आम्दानी र खर्च पछ्याउनु ।

### (ख) नागरिक प्रतिवेदन पत्र (Citizen Report Card):

यो एक सहभागितामूलक सर्वेक्षण हो जसले सार्वजनिक सेवाहरुको सन्दर्भमा सेवाग्राहीहरुको पृष्ठपोषण (फिडब्याक) प्राप्त गर्नुपर्ने तथ्यलाई महत्व दिन्छ । सेवाग्राही नागरिकले सार्वजनिक सेवाप्रदायक संस्थाहरूबाट सेवा लिदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुरालाई सहभागितामूलक सर्भेक्षणका माध्यमबाट मूल्याङ्कन गरी सेवाप्रदायक संस्थालाई पृष्ठपोषण गर्ने पद्धति लाई नागरिक प्रतिवेदन पत्र भनिन्छ । स्वतन्त्र संस्थाहरूबाट सञ्चालन गरिने यो विधि लगानीको प्रभावकारिता परीक्षणको दृष्टिबाट प्रभावकारी बन्दै आएको छ । यो विधिबाट सार्वजनिक सेवा कसरी प्रवाह भइरहेको छ भन्ने कुरा बुझ्न सजिलो हुन्छ । गुणस्तरिय सेवा दिनु राज्यको दायित्व हो भने नागरिकले त्यस्तो सेवा सरल र सहज रूपले प्राप्त भएको महसुस गर्न पाउनु उनीहरूको अधिकार हो । यसको लागि सेवाप्रदायक संस्थाहरूले सेवाग्राहीमाथि देखाउने व्यवहार, सेवाको सन्तुष्टि तथा कामको चुस्तता **CRC** को नतिजाबाट बुझ्न सकिन्छ । यो विधि विशेष रूपमा तयार गरिएको प्रश्नावलीको माध्यमबाट सञ्चालन गरिन्छ ।

### (ग) समुदाय अंक पत्र (Community Score Card):

यो समुदायमा आधारित अनुगमनको विधि हो । समुदाय अंक पत्रलाई सामाजिक लेखा परीक्षण र नागरिक प्रतिवेदन पत्रको मिश्रित स्वरुप पनि भनिन्छ । नागरिक प्रतिवेदन पत्रले जस्तै समुदाय अंक पत्र पनि सेवा प्रदायकहरुबाट सामाजिक तथा सार्वजनिक जवाफदेहिता र संवेदनशीलता प्राप्त गर्ने विधि हो । यसमा सेवा प्रदायकहरुलाई समुदायसँग जोडिन्छ र तिनीहरुलाई तुरुन्त पृष्ठ पोषण प्रदान गर्न सक्ने गरी नागरिकहरुलाई सशक्त बनाइन्छ । समुदाय अंक पत्रको प्रक्रियाले "समुदाय" लाई विश्लेषणको इकाइको रुपमा प्रयोग गर्छ र यो स्थानीय/सुविधाको तहहरुको अनुगमनमा केन्द्रित हुन्छ । यसले सामुदायिक अनुगमन र सेवा, परियोजना तथा सरकारी प्रशासनिक इकाइहरुको समेत कार्य सम्पादन मूल्यांकनलाई सहजीकरण गर्छ ।

यो एक तृणमूल (ग्रासरुट्स) प्रक्रिया भएकोले ग्रामीण परिवेशमा यसको प्रयोग बढी हुने सम्भावना रहन्छ । यसले गुणस्तर, कार्यदक्षता र पारदर्शीताको बारेमा सेवाग्राहीहरुको धारणा माँग्छ । यस अन्तर्गत आन्तरिक स्रोत वा खर्चहरु पछ्याउने (जस्तै : औषधीको उपलब्धता), सेवा/परियोजनाहरुको गुणस्तरको अनुगमन, उल्लेखनीय कार्यसम्पादनका न्युनतम तत्व/योग्यताहरु -जसको

प्रयोग स्रोतसाधनको बाँडफाँट र बजेट निर्क्यौलमा गर्न सकिन्छ - को विकास, सुविधाहरु/जिल्लाहरुको कार्य सम्पादनको तुलना, सेवा प्रदायक र सेवाग्राहीका बीचमा प्रत्यक्ष पृष्ठपोषण संयन्त्रको विकास तथा नागरिक आवाजको सुदृढिकरण र समुदायको सशक्तिकरण आदि पर्दछन् ।

### (घ) सामाजिक लेखाजोखा (Social Audit):

यो एउटा यस्तो प्रक्रिया हो जसले कुनै एउटा सङ्गठनको स्रोत साधनहरुको बारेमा सूचना संकलन गर्छ । प्राप्त सूचना विश्लेषण गरिन्छ र सार्वजनिक रुपमा सहभागितामूलक किसिमले सबैसँग बाँडिन्छ । यसको मुख्य ध्येय त सामाजिक उद्देश्यहरु प्राप्त गर्न स्रोत साधनहरुलाई के कसरी प्रयोग गरिएको छ भन्ने हेर्नु हो । यसका क्षेत्रहरु फरक-फरक हुन सक्छन् । यिनीहरुको प्रयोग सबै सरकारी विभागहरुले वर्षौं सम्म विभिन्न जिल्लामा गरेका कामहरुको अनुसन्धान गर्नका लागि हुन सक्छ । यसको प्रयोग गाँउको कुनै एउटा परियोजनालाई एक निश्चित समय सम्म व्यवस्थित गर्नको लागि पनि गर्न सकिन्छ । धेरैजसो सामाजिक लेखा परीक्षणहरुमा सामान्यतया निम्न कार्य तथा उपलब्धिहरु रहेका हुन्छन् : प्रमाणको रुपमा लिन सकिने जानकारी सृजना गर्नु, सही र निष्पक्ष, उपभोक्ता र स्थानीय सेवा प्रदायकहरुका बीचमा आम चेतना/जागरणको सृजना गर्नु, सरकारी कागजातहरुमा रहेको सूचना सम्मको नागरिकहरुको पहुँचलाई बढाउनु, भ्रष्टाचार र कुव्यवस्थापनलाई उदांगो पार्न महत्वपूर्ण साधनको रुपमा रहनु, सरकारको आनीबानीमा सकारात्मक परिवर्तन ल्याउन प्रभावित पार्ने अनुमति सरोकारवालाहरुलाई दिनु, र प्रगति अनुगमन गर्ने तथा धोखाधडी, ठगी कुनै पनि हालतमा हुन नदिनु ।

### (ङ) नागरिक बडापत्र (Citizen Charter):

यसले नागरिकहरुलाई सार्वजनिक सेवाको प्रयोगकर्ताका रुपमा उनीहरुको के कति हक अधिकारहरु छ भन्ने कुराको जानकारी दिन्छ, साथै नागरिकहरुको चाहना बमोजिमको सेवाको मापदण्ड (सेवाको समयसीमा र गुणस्तर), मापदण्ड पूरा नभएको पाइएमा त्यस वापतको उपचार, सेवाको प्रक्रियाहरु, मूल्य तथा शुल्कहरुको बारेमा पनि जानकारी दिन्छ । विशिष्ट सेवा र/वा सङ्गठन तथा सम्बाहकहरुका लागि सामान्यतया फरक फरक बडापत्रहरु बनाइन्छन् । कहिलेकाहीं कर्तव्यहरु वा कार्यहरु जुन जरिवाना तिर्नु पर्ने खालका हुन्छन्, तिनीहरुलाई पनि नागरिक बडापत्रमा राखिएको हुन्छ । नागरिक बडापत्रको उद्देश्य सेवाको गुणस्तर त्यहाँ लेखिए बमोजिम नै सुधार गर्नु हो, जुन कुरा सेवाग्राहीहरुले सरकारबाट प्राप्त गर्ने प्रत्येक सेवाको लागि चाहना गर्न सक्छन् । बडापत्रले यदि मापदण्ड पूरा नभएको खण्डमा सेवाग्राहीले सेवाप्रदायकसँग स्पष्टीकरण माँग्ने (र केही मुद्दाहरुमा क्षतिपुर्ति माग्ने अधिकार) समेत प्रदान गर्छ । यदि नागरिकहरु सार्वजनिक सेवाको उपभोक्ताका रुपमा र विद्यमान गुनासो संयन्त्र देखि मौखिक गुनासासम्मका कुराहरुमा सुसुचीत छन् भने, उनीहरुले सेवा प्रदायकहरुमाथि तिनीहरुको कार्य सम्पादनमा सुधार ल्याउन उल्लेखनीय दबाब सृजना गर्न सक्छन् । बडापत्रहरुले सामाजिक जवाफदेहिताका अन्य संयन्त्रहरुका लागि पनि महत्वपूर्ण भूमिका खेल्दछ । सेवाप्रदायकहरुले वाचा गरेका मापदण्डहरु नै सेवा प्रवाहको अनुगमन तथा मूल्यांकनका लागि महत्वपूर्ण मापनयन्त्र बन्न पुग्दछ ।

### च) सार्वजनिक सुनुवाइ (Public Hearing):

सर्वसाधारण नागरिक र अधिकारमा बसेका व्यक्तिहरूका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकी प्रश्न र उत्तर गर्ने प्रक्रियालाई सार्वजनिक सुनुवाइ अर्थात् Public Hearing भनिन्छ, राज्य सञ्चालनको गुणस्तरले नागरिकको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेही भएर उनीहरूको चित्त बुझाउनुपर्दछ । सरकारमा बस्नेहरूले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, वस्तु र सुविधाको गुणस्तरका बारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर जिम्मेवारपर्ण ढगंले सम्बन्धित व्यक्ति वा निकायले दिनु जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार व्यक्ति र सेवाग्राही नागरिकका बीचमा गरिने सार्वजनिक सुनुवाइको माध्यमबाट खोज्न सकिन्छ । यसरी सञ्चालन गरिने सार्वजनिक सुनुवाइबाट ती निकायहरूलाई उनीहरूले गरेको कामको पृष्ठपोषण पनि हुन्छ । अनि, सरकारी निकाय र नागरिकको बीचमा अविश्वास घटेर जान्छ । र सरकारले अगाडि सारेको हरेक कामकारबाहीप्रति नागरिकमा अपनत्वको पनि विकास हुन्छ ।

### (छ) सार्वजनिक परिक्षण (Public Audit):

सामाजिक विकास निर्माणको क्षेत्रमा काम गर्ने संस्थाहरू सरोकारवालाप्रति जवाफदेही र पारदर्शी हुनुपर्दछ भन्ने माग बढ्दै गएको छ । यसै कुरालाई ध्यानमा राखी विकास आयोजनाहरू सही तरिकाबाट कार्यान्वयन भइरहेका छन् वा छैनन् भनेर अनुगमन गर्ने भरपर्दो विधिको रूपमा सार्वजनिक परीक्षण (साप) गर्ने पद्धतिको विकास भएको हो । साप विधिलाई कुनै कार्यक्रम वा संस्थाको आम्दानी र खर्चको हिसाबकिताब जाँच गर्ने प्रक्रियाको रूपमा मात्र हेर्नुहुँदैन । यसले योजनातर्जुमा, कार्यान्वयन, बजेट बाँडफाँड लगायत प्रगति समीक्षा गर्न र प्राप्त हुने अवसरका बारेमा सरोकारवालालाई जानकारी गराउँदछ ।



### (ज) नागरिक न्यायाधीशहरु (Citizen Juries):

यिनीहरु समुदायका सदस्यहरु मध्येबाट छनौट गरिएका व्यक्तिहरुको एक समूहको रुपमा रहन्छन् जसले जटिल मुद्दाहरुको अनुसन्धान गरिसकेपछि सुझाव वा कार्यगत प्रस्तावहरु निणर्यकर्ता समक्ष पुऱ्याउँछन् । विकसित र विकासोन्मुख दुवै देशहरुको परम्परागत लोकतान्त्रिक प्रक्रियालाई सहयोग हुने गरी यो विधिको प्रयोग अन्य धेरै छलफलयुक्त सहभागितामूलक विधिसँगै गरिन्छ । यसको उद्देश्य निर्णयको गुणस्तरमा सुधार ल्याउनु र नीति निर्माण र कार्यान्वयन अझ बढी वैधानिक, प्रभावकारी र दिगो हुन्छ भन्ने सम्भावनामा वृद्धि गर्नु हो ।

### (झ) पारदर्शीताका द्वारहरु (Transparency Portals):

यिनीहरु वास्तवमा इन्टरनेटको संसार भित्रका वेबसाइटहरु हुन् जसले सार्वजनिक वित्त सम्बन्धी सूचनाहरु जस्तै, बजेट कानुन, बजेट निर्देशिका र बजेट सम्बन्धी प्राविधिक शब्दहरु आदि प्रकाशित गरेका हुन्छन् । मुलुकको वृहत्तर अर्थशास्त्र (माक्रोइकोनोमिक्स) सम्बन्धी तथ्यांक, आन्तरिक तथा वाह्य ऋण सम्बन्धी जानकारी, विगत वर्षका बजेट कार्यान्वयनको अवस्था आदिको बारेमा पनि जानकारीहरु राखिएको हुन्छ । कतिपय यस्ता पोर्टलहरुले संस्था र तिनको वर्गीकरण बमोजिम मासिक आम्दानी र खर्चको विवरण पनि राखेका हुन्छन् । यो सूचना, जानकारी वास्तविक स्वीकृत रकमहरुसँगै प्रस्तुत गरिएको हुन्छ ।

### (ञ) सहभागितामूलक कार्य सम्पादन अनुगमन (Participatory Performance Monitoring):

यस अन्तर्गत सार्वजनिक सेवाहरु वा परियोजनाहरुको कार्यान्वयन र कार्य सम्पादनको अनुगमन तथा मूल्यांकन आफैले छनौट गरेको सुचकांक अनुसार गर्ने नागरिक समूह वा समुदायहरु पर्दछन् । यस अन्तर्गत सार्वजनिक वकालतका तत्वहरु पनि पर्दछन् । नागरिक प्रतिवेदन पत्र, समुदाय अंक पत्र तथा सामाजिक लेखा परीक्षण आदि सहभागितामूलक कार्य सम्पादन अनुगमनका साधनहरु हुन् ।

### (ट) स्वतन्त्र बजेट विश्लेषण (Independent Budget Analysis):

यो भन्नाले नागरिक समाज र अन्य सङ्गठनहरुले लागू गरेका विश्लेषणात्मक र सार्वजनिक वकालतका कार्यहरुलाई बुझाउँछ, जसको उद्देश्य सार्वजनिक बजेटहरुलाई पारदर्शी बनाउने र सार्वजनिक कोषको बाँडफाँटमा प्रभाव पार्ने रहेको हुन्छ । विश्वभरका नागरिक समाजका सङ्गठनहरुका निम्ति स्वतन्त्र बजेट विश्लेषण एउटा उदाउँदो कार्यक्षेत्रको रुपमा देखा परिरहेको छ । आदि ...

## ४. सामाजिक जवाफदेहिताका परम्परागत संयन्त्रहरु:

- निर्वाचन
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- नारा, जुलुस तथा बन्द
- ऐन कानून

## ५. सामाजिक जवाफदेहिताको खम्बाहरु:

(क) संगठित तथा सक्षम नागरिक समूह जसले

- राज्यका कार्यक्रमहरुको सूचना संकलन गरी सो सूचना राजनीतिज्ञ, सार्वजनिक अधिकारी र सेवा प्रदायकलाई रचनात्मक रुपमा संलग्न गराउन न्याय संगत तरिकाले उपयोग गर्छ
- सार्वजनिक हितलाई निश्पक्ष, दक्ष तथा प्रभावकारी रुपमा निर्वाह (Serve) गर्न माग गर्छ

(ख) जिम्मेवार (Responsive) सरकार जसले

- रचनात्मक नागरिक संलग्नताका लागि ठाउँ (Space) स्वरुप (Structure) र प्रकृयाहरु प्रदान गर्छ
- त्यस्तो सरकारमा रचनात्मक नागरिक संलग्नताका महत्व शासनमा नागरिक सहभागितामा विश्वास गर्ने व्यक्ति वा च्याम्पियनहरु हुन्छन् ।

(ग) पर्याप्त सूचनामा पहुंच तथा प्रभावकारी उपयोग

- गुणस्तरिय तथा विश्वसनिय सूचनाको सङ्कलन सा.ज. को पूर्व शर्त वा आवश्यकता हो ।
- सरकार र अन्य सेवा प्रदायकको कार्य सम्पादन अनुगमन विश्वासनीय प्रमाणमा आधारित हुनुपर्छ ।
- तसर्थ नागरिक समूहको सूचनामा पहुँच तथा त्यस्तो सूचना मुल्याङ्कन गर्ने क्षमता हुनुपर्छ ।

राज्यले सहयोग नगरेमा नागरिक समूहको प्रयास मात्रले सामाजिक जवाफदेहिताका पहलहरु सफल हुन कठिन हुन्छ । सरकारले सुशासनका परम्परागत संयन्त्रको विकास मात्र गरेर नपुग्ने हुँदा सरकार र नागरिकको संलग्नतालाई पोषण (Nurture) गर्नु पर्ने हुन्छ ।

*(घ) संस्कृति तथा सन्दर्भप्रति संवेदनशीलता*

- सामाजिक जवाफदेहिताका संयन्त्रहरु प्रयोग गर्दा सघाउ वा बाधक संस्कृतिको समझदारी,
- राजनीतिज्ञ, सरकार वा अन्य सेवा प्रदायकले गर्ने दुरुपयोग वा अपचलनलाई समर्थन गर्ने खालका मान्यताहरु बाधक,
- तसर्थ सामाजिक जवाफदेहितालाई सांस्कृतिक पक्षहरुसँग जोडेर विकास गर्ने, मूल प्रवाहीकरण गर्ने ।

## ६. सामाजिक जवाफदेहिताका साधनहरु प्रयोग गर्ने तरिका:

*क) समस्याको स्पस्टता:* कतिपय सवालहरु विभिन्न कारणले गर्दा जटिल हुन सक्छन् । सामाजिक प्रवृत्ति (Attitude) का कारण कतिपय सवालहरु समाजमा दबेका वा गडेका हुन्छन् । सर्वप्रथम समस्याहरुबाट पीडित, असर परेका वर्ग वा समुदाय वा क्षेत्रका व्यक्तिहरु एक जुट भै समस्या पहिचान गरी त्यसको कारणहरु प्रति स्पष्ट हुनुपर्दछ ।

*ख) राजनैतिक, सामाजिक तथा संस्थागत सन्दर्भ बुझ्ने:* नागरिकहरुले वैधानिक रुपमा कसरी आफ्नो राय व्यक्त गर्न सक्छन् राय व्यक्त गर्न के के प्रवेश विन्दुहरु छन् ? यस्मा संलग्नहरुलाई संभावित जोखिमहरु के के हुन सक्छन् ? भन्ने सन्दर्भ बुझ्नु आवश्यक हुन्छ । ख्याल गर्नुपर्ने कुरा के हो भने सामाजिक जवाफदेहिताको सम्वर्द्धन कार्य कतिपय अवस्थामा कठिन र संवेदनशिल हुन सक्छ यसमा कार्य गर्नु भनेको व्यक्ति, अधिकारवालालाई प्रश्न गर्नु हो ।

*ग) अफवाहमा नभै प्रमाणमा आधारित:* के के कार्य भयो, के के हुन सकेन अग्रिम रुपमा सोच्ने । जस्तै: सो कार्य, आयोजनाका लागि कति वजेट थियो, सो निकासा भयो भएन, टेण्डर आह्वान भयो भएन, भन्ने कुरामा एकिन भै करार प्राप्त गर्ने । यसरी प्रमाणका साथ प्रस्तुत हुन सकियो भने मात्र नागरिकलाई शक्तिधारकले अज्ञानी, समस्या मात्र खडा गर्ने वा निस्चित स्वार्थ परिपुर्ति गर्ने झुण्ड भनी पन्छाउन सक्दैनन् ।

*घ) नागरिक सचेतना तथा शिक्षाको विकास:* नागरिक सचेतना तथा शिक्षाको विकासले सामाजिक जवाफदेहिता तथा यसका औजार का विषयमा ज्ञान दिलाउँछ । यस प्रक्रियामा सहभागि भए पछि नागरिक समूहहरु पनि केही हकमा विशेषज्ञता प्राप्त गर्ने गर्दछन् यो एउटा नयाँ युगको शुरुवात पनि हो । जब नागरिकहरु आफूले जान्नै पर्ने विषयमा सुसुचित हुन्छन् अनि उनीहरु आफैमा शक्तिशाली नागरिक वर्गको हैसियत राख्दछन् ।

## ७. सामाजिक जवाफदेहिताको सफलताका लागि आवश्यक पक्षहरु:

- राजनैतिक सर्न्दभ तथा संस्कृति
- सूचनामा पहुँच
- सञ्चार जगतको भूमिका
- नागरिक समाजको क्षमता
- संस्थागत क्षमता

राज्यले सहयोग नगरेमा नागरिक समूहको प्रयास मात्रले सामाजिक जवाफदेहिताका पहलहरु सफल हुन कठिन हुन्छ । सरकारले सुशासनका परम्परागत संयन्त्रको विकास मात्र गरेर नपुग्ने हुँदा सरकार र नागरिकको संलग्नतालाई पोषण (Nurture) गर्नु पर्ने हुन्छ ।